**आज मिति २०७५ साल आश्वीन २८ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा कार्य पालिकाको पैंतिसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | " |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | " |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | " |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | " |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | " |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | " |
| श्री शान्ती चौधरी | - | सदस्य | " |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | " |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | " |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | " |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | " |
| श्री बम बहादुर वि क. | - | सदस्य | " |
| श्री भीम बहादुर खत्री | - | प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**प्रस्तावहरु**

१ **गाउँपालिका स्तरीय शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा**

२ **गाउँपालिका/स्थानीय सरकारको लोगो तोक्ने सम्बन्धमा**

३ **कार्यालयमा बस्ने निर्वाचित प्रतिनिधिहरुको पोषाक सम्बन्धमा**

४ **प्रहरी चौकी स्थापनाका लागि अनुरोध गर्ने सम्बन्धमा**

५ **गाउँपालिका,शाखाहरु,बिषयगत शाखाहरु र वडाहरुमा निर्दिष्ट कायविवरण र कर्मचारी परिचालन सम्बन्धमा**

६ **(क) खेलाडीलाई औषधि उपचार रकम उपलब्ध गराउने**

**(ख) सहयोग सम्बन्धमा ।**

७ **बिबिध**

**(क) वडादशैंको शुभ कामना आदान प्रदान तथा शुभ कामना सन्देश प्रवाह गर्ने सम्बन्धमा**

**(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

## निर्णयहरु :-

१ **गाउँपालिका स्तरीय शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा**

प्रस्ताव नं.१ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको ३४ सौं बोर्ड बैठकबाट निर्देशित अनुगमन समितिबाट स्वीकृत कार्यादेशको परिधिमा रहि यस गाउँपालिका अन्तर्गत रहेका पूर्व प्राथमिक, प्राथमिक,आधारभूत र माद्यामिक तहका बिद्यालयहरुको स्थलगत रुपमा बिस्तृत् निरीक्षण गरी पेश गरेको प्रतिबेदन माथी स्थानीय शिक्षा समितिमा व्यापक छलफल गरी शिक्षा क्षेत्रको व्यवस्थापकीय सुधार र शैक्षिक गुणस्तर सुधारका लागि प्रस्ताव गरिएको प्रकृयालाई समर्थन/अनुमोदन गर्दै संघीय तथा प्रान्तीय शिक्षा ऐन/नियम निर्माण भई लागु नहुँदा सम्मका लागि विद्यमान संघीय

Scanned by CamScanner

शिक्षा ऐन/नियम विपरीत नहुने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) को अधिकार प्रयोग गरी देहाय वमोजिमका कार्यहरु गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) जिल्ला शिक्षा समिति नभएको अवस्थामा सवै. तहका शैक्षिक संस्था सञ्चालन तथा शैक्षिक गतिविधि सञ्चालनमा सुधार ल्याउनका लागि गेरुवा गाउँपालिका अन्तर्गतका सवै विद्यालयहरु सञ्चालन तथा शिक्षक/कर्मचारीहरु परिचालन गरी शैक्षिक गुणस्तर सुधार कार्यमा तिव्रता ल्याउनका लागि गठीत शिक्षा समितिबाट प्रस्तावीत लगायत देहाय वमोजिमका कार्यक्रमहरु स्वीकृति गरी निर्देशन दिने निर्णय गरियो ।

**तपशिल**

१ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन गर्ने स्वीकृति दिने

२ शिक्षक दरवन्दी मिलान कार्यक्रम प्रस्ताव तयार पारी पेश गर्न तोक्ने

३ बिद्यमलय स्तरोन्नति, कक्षा थप/घट र बिद्यालय मर्ज प्रस्ताव तयार पारी पेश गर्न तोक्ने

४ सावीक जिल्ला शिक्षा शाखाबाट बितरित अधुरा योजनाहरुको अनुगमन, मुल्याङ्कन गरी कार्यसम्पादन र फछ्र्यौट गराउने

५ पूर्ण साक्षर गाउँपालिका र वालमैत्री गाउँपालिका घोषणा अभियान सञ्चालन गर्ने ।

६ उल्लेखित कार्यहरुको व्यवस्थापनका लागि शाखा सञ्चालन, विद्यालय तथा विद्यालय व्यवस्थापन समिति सञ्चालन र बिद्यालय/शिक्षक कोटा/दरवन्दीको हालसम्मको आधिकारीकता पुष्ट्याई र परिमार्जन प्रस्ताव सहित वार्षिक खरिद योजना अर्थात कार्यक्रम कार्यान्वयन कार्यविधि वनाई सार्वजनिक खरिद ईकाई मार्फत गेरुवा गाउँ कार्यपालिकाबाट स्वीकृत गराई कार्यान्वयनमा लैजान शिक्षा शाखालाई निर्देशन दिने समेत निर्णय गरियो ।

**२ गेरुवा गाउँपालिका/स्थानीय सरकारको लोगो निर्माण गर्न स्वीकृति दिने सम्बन्धमा**

प्रस्ताव नं.२ माथी छलफल गर्दा गेरुवा नदीवारी गाउँवस्ति खेतमा झुलेको धान वाली, किनारामा फराकिलो करिडोर सडक, विचमा हरियो गेरुवा नदीमा डल्फिन उफ्रेको र पारी हरियो वनजंगल/जनावर बर्दिया राष्ट्रिय निकुञ्ज देख्न सकिने (कृषि, पर्यटन र पूर्वाधार) झल्किने लोगो निर्माण गरी प्रयोग गर्ने स्वीकृति दिने र अनुमोदनका लागि आगामी गेरुवा गाउँपालिकाको चौथो गाउँसभा र ५ नं. प्रदेश सरकार तथा संघीय सरकार समक्ष समेत अनुरोध गर्ने निर्णय गरियो ।

**३ निर्वाचित प्रतिनिधिहरुको पोषाक निर्धारण गर्ने सम्बन्धमा**

**प्रस्ताव नं.३** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षहरु-६ गरी दैनिक कार्यालयमा उपस्थित भई कार्यकक्षमा बस्नु पर्ने ८ जना पदाधिकारीहरुको लागि देहाय वमोजिमको पोषाक तोक्ने र सो को लागि लोगो सहित प्रयोग गर्ने स्वीकृति दिने र गेरुवा गाउँपालिको आगामी चौथो गाउँसभाबाट स्वीकृति/समर्थन गराउने निर्णय गरियो ।

**तपशिल :**

(क) कोट, ईष्टकोट,पाईन्ट र सर्ट सहित युनिफर्म आदि खर्च रु.२,००,०००।- विनियोजन गर्ने

ख) सो को लागि पोषाक शिर्षकमा विनियोजित रकमवाट खर्च लेख्ने र नपुग भए चालु विविधबाट खर्च लेख्न स्वीकृति दिने ।

**४ प्रहरी चौकी स्थापनाका लागि पुनः अनुरोध गर्ने सम्बन्धमा**

**प्रस्ताव नं. ४** माथी छलफल गर्दा गेरुवा गाउँपालिको सदरमुकाम रहेको पशुपतिनगर ईलाका प्रहरी कार्यालय,पतताभार देखी धेरै टाडा पर्ने भएको र शान्तीसुरक्षाको दृष्टिकोणले सम्वेदनशिल क्षेत्र समेत भएकोले यहां स्थापना भएका गाउँ कार्यपालिकाको कार्यालय, विषयगत शाखा कार्यालयहरु, सरकारी कार्यालयहरुले प्रयोग गर्ने मेघा बैंक,गेरुवा शाखा, ५ नं.

Scanned by CamScanner

कार्यपालिकाको कार्यालय, बिषयगत शाखा कार्यालयहरु, सरकारी कार्यालयहरुले प्रयोग गर्ने मेघा बैंक,गेरुवा शाखा, ५ नं. वडा कार्यालय, स्वास्थ्य चौकी र बिद्यालयहरु ल्गायतका सरकारी कार्यालय, अर्धसरकारी तथा गैर सरकारी संघ,संस्था र सर्वसाधारण जनताको जनधनको सुरक्षा चुनौति बढ्दै गएकोले पशुपतिनगरमा (क) श्रेणिको प्रहरी चौकी स्थापनाका लागि गेरुवा गाउँपालिकाबाट निर्णय गरी पटक पटक अनुरोध समेत गरिएकोमा समेत हाल सम्म कुनै कार्यवाही नभएकोले स्थानीय जनात, सरकारी कारोवार गर्ने स्वीकृति प्राप्त गरेको क बर्गको वाणिज्य बैंक, सरकारी कार्यालयहरु र निर्वाचित स्थानीय सरकारका पदाधिकारीहरुको सुरक्षा सम्वेदनशिलतालाई समेत विचार गरी दिई प्रस्ताव गरिएको (क) श्रेणिको प्रहरी चौकी अविलम्ब स्थापना गरि दिने व्यवस्था हुन जिल्ला सुरक्षा समिति/जिल्ला प्रशासन कार्यालय, बर्दियालाई अनुरोध गर्ने र उल्लेखित प्रस्तावीत (क) श्रेणिको प्रहरी चौकी अविलम्ब स्वीकृत गरि दिने व्यवस्था हुन राष्ट्रिय सुरक्षा समिति/गृह मन्त्रालयमा समेत अनुरोध गर्ने निर्णय गरियो।

**५ गाउँपालिका,शाखाहरु,बिषयगत शाखाहरु र वडाहरुमा निर्दिष्ट कार्यविवरण र कर्मचारी परिचालन सम्बन्धमा**

**प्रस्ताव नं. ५** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको कार्यालय र अन्तर्गत वडा कार्यालयहरु मार्फत स्थानीय सरकारको सेवा प्रवाह मार्फत सुशासन दिन चुस्त दुरुस्त सेवा सञ्चालन गर्नका लागि गाउँपालिकामा १५ वटा शाखाको रुपमा र वडामा ८ जना कर्मचारीहरु रहेको सवैक्षेत्र समेट्ने टिमको रुपमा कर्मचारीहरु परिचालन गरी नागरिक अधिकारको रक्षा गर्दै सुशासन प्रदान गर्ने निर्णय गरियो :-

**तपशिल**

**१, गाउँपालिकामा खटिने कर्मचारीहरु : सबै कर्मचारीहरु १५ वटा शाखामा विभाजन भई सबै क्षेत्रमा सुशासन सञ्चालन गर्नु पर्ने छ।**

| सि.नं. | शाखा/फाँट | प्रमुख | सहायक | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रशासन शाखा | प्रशासकीय अधिकृत<br>शाखा अधिकृत | ना.सु.कुननारायण चौधरी<br>ना.सु.सन्तोष ढुंगाना, | दैनिक प्रशासनिक कार्य | |
| २ | योजना शाखा | योजना अधिकृत<br>योजना अधिकृत | ना.सु./खरिदार प्रेम जि.सी., | योजना निर्माण,कार्यान्वयन र अनुगमन | |
| ३ | प्राविधिक शाखा | सिभिल ईन्जिनियर | अ स ई भूमिराज घिमिरेअ | ईष्टिमेट, योजना कार्यान्वयन/सम्पादन | |
| ४ | लेखा शाखा | लेखा अधिकृत<br>ज्ञान प्रसाद ज्ञवाली | लेखापाल<br>तुलसीराम श्रेष्ठ | आर्थिक नियमन, बजेट निर्माण र खर्च | |
| ५ | राजश्व शाखा | लेखापाल | सह-लेखापाल<br>प्रताप सिंह | राजश्व निर्धारण, असुली र आम्दानी | |
| ६ | सुचना प्रविधि शाखा | सुचना प्रविधि अधिकृत<br>प्रकाश शर्मा | कम्प्युटर अपरेटर<br>बसुन्धरा चौधरी | बिद्युतिय प्रविधि सम्बन्धि सबै कार्य<br>विपद् व्यवस्थापन, वातावरण संरक्षण | |
| ७ | शिक्षा शाखा | शाखा अधिकृत | प्रा.स.<br>अमृत पुन | शैक्षिक व्यवस्थापन, सञ्चालन,नियन्त्रण<br>सामाजिक तथा शारिरीक विकाश कार्य | |
| ८ | स्वास्थ्य | जनस्वास्थ्य अधिकृत<br>नारायण भण्डारी | हे.अ.स्टाफ नर्स<br>अधिकृत भुपेन्द्र शाही | स्वास्थ्य सेवा सञ्चालन, औषधि आपूर्ति<br>सरसफाई, खानेपानी शुद्धता | |
| ९ | कृषि | बालिसंरक्षण अधिकृत/प्रा.स. | प्रा.स./ना.प्रा.स<br>पाण्डे | कृषि विकाश, जिविकोपार्जन, स्वरोजगार<br>दाद्य सुरक्षा कार्यक्रम | |
| १० | पशु स्वास्थ्य | प्रा.स.<br>पूर्ण खत्री | ना.प्रा.स. | पशुपंक्षी पालन,स्वरोजगार,आर्थिकविकाश<br>पोषण कार्यक्रम | |
| ११ | माल/नापी/भूमिसुधार | ना.सु.,सर्वेक्षक | खरिदार,अमिन<br>खगेन्द्र | जग्गा, बस्ति व्यवस्थापन, सिमा<br>निर्धारण, जग्गा नापी, | |
| १२ | महिला,बालबालिका | महिला विकाश सहायक | सहायक | सामाजिक सुरक्षा, महिला विकाश, बाल विकाश | |
| १३ | न्यायिक समिति | सरकारी वकिल | ना.सु, न्याय | सामाजिक न्याय/मेलमिलाप | |
| १४ | गैरसरकारी संघ/संस्था | वरिष्ट सामाजिक परिचालक/ | सहजकर्ता/खरिदार | सामाजिक ससक्तिकरण र समपुरक | |

Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| १५ | सहजिकरण/दर्ता | सहजकर्ता<br>सुजना चौधरी | स्वयंसेवक<br>विनिता चौधरी | टोल समिति परिचालन<br>सुशासन सहयोग/सोधपुछ,दर्ताचलानी | |

२ वडा कार्यालयहरु तर्फ खटिने कर्मचारीहरु : हरेक क्षेत्रमा ८ जनाको कर्मचारी टोलीले कार्य सञ्चालन गर्ने छ ।

| सि.नं. | ना.सु./सचिव | सव-ईन्जिनियर | ना.प्रा.स., कृषि | ना.प्रा.स., पशु | सहजकर्ता, सुशासन | सहजकर्ता, टोलसमिति | स्वयं सेवक | कार्यालय सहयोगी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ख.भागीराम थारु | | | | | | | | |
| २ | ख.भागीराम थारु | | | | | | | | |
| ३ | ख.प्रेम जि.सी. | | | | | | | | |
| ४ | ना.सु.ठाकुर प्र.चोधरी | | | | | | | | |
| ५ | ना.सु.कुननारायण चौधरी | | | | | | | | |
| ६ | ना.सु.कुननारायण चौधरी | | | | | | | | |

**६ (क) औषधि उपचार रकम उपलव्ध गराउने**

प्रस्ताव नं.६(क) माथी छलफल गर्दा मिति २०७५/६/२० देखी कल्पेश्वर खेलमैदान, मनाउमा सञ्चालन भएको गेरुवा गाउँपालिका स्तरीय फुटवल प्रतियोगिता अन्तर्गत वडानं.१ र वडानं.५ का खेलाडीहरुको पहिलो खेल खेल्दै गर्दा वडानं.१ का खेलाडी श्री भुवन थापा को खुट्टा भाँचिन गई उपचार गराई रहेको र आर्थिक अभावमा उपचारमा वाधा परेकोले आर्थिक सहयोग गरिपाउँ भनि यस कार्यालयमा निवेदन समेत दिएकोले खेलकूद विकाश समितिको प्रस्ताव र सम्बन्धित वडाको सिफारीश सहित आर्थिक सहयोग माग भएको हुँदा खेलकूद विकाश समितिका लागि छुट्याईएको वजेट शिर्षकबाट कट्टा हुने गरी निज खेलाडीलाई उपचारार्थ रु.५०,०००।- पचास हजार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**(ख) सहयोग सम्बन्धमा ।**

प्रस्ताव नं. ६(ख) माथि छलफल गर्दा गेरुवा गाउँपालिका ४ नं. वडा निवासी श्री समर बहादुर भाट क्षेत्री क्यान्सर रोग वाट पिडित भई उपचार गराई रहेको र निजको आर्थिक अवस्था कमजोर भएको भनि गेरुवा गाउँपालिका समक्ष निवेदन पेश गरी आर्थिक सहयोग माग भएकोमा निजलाई उपचारार्थ १५,०००।- (पन्ध्र हजार रुपैया ) आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**७ बिबिध**

**(क) वडादशैंको शुभ कामना आदान प्रदान तथा शुभ कामना सन्देश प्रवाह गर्ने सम्बन्धमा**

**(ख) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

**निर्णय नं. ७(क) वडादशैंको शुभ कामना आदान प्रदान तथा शुभ कामना सन्देश प्रवाह गर्ने सम्बन्धमा**

प्रस्ताव नं. ७(क) माथी छलफल गर्दा नजिकै आउँदै गरेको वडादशैं, २०७५, शुभ-दिपाली, २०७५ र छठ पर्व, २०७५ समेतको सुखद् उपलक्षमा गेरुवा गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरु/सदस्यहरु, कर्मचारीहरु र गेरुवा गाउँपालिका वासी सबै दाजुभाई दिदिवहिनीहरु एवं समस्त नेपाली दाजुभाई दिदिवहिनीहरुमा उत्तरोत्तर प्रगति सहित सुख, शान्ती र समृद्धिका लागि हार्दिक मंगलमय शुभ कामना व्यक्त गर्दै आपसी शुभ कामना आदान प्रदान गर्ने साथै मितव्यायि तवरले सन्देश मुलक सूचना सहित शुभ कामना समाचार प्रकाशन गर्न स्थानीय दैनिक तथा साप्ताहिक पत्रिका र रेडियो स्टेशनलाई लिमिट तोकी लेखि पठाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७(ख)** माथी छलफल गर्दा विविध बिषयमा छलफल गर्दा सबै वडाध्यक्षहरुले आ-आफ्नो वडाको माशिक प्रगति प्रस्तुत् गर्ने र कार्य सम्पादन सम्झौता गरी अख्तियारी लिने तयारीका साथ आगामी पैंतिसौं नियमित बोर्ड बैठक मिति २०७५ साल कात्तिक ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।

Scanned by CamScanner